अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०८।१० गते।

प्रेस विज्ञप्ति

विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला सर्लाही, साविक सोकनाहा गा.वि.स. वडा नं. २(ख) अन्तर्गत पर्ने कित्ता नं. ६२ क्षेत्रफल ०-११-२ ज.बि. जग्गा मालपोत कार्यालय, सर्लाहीका कर्मचारी तथा भू-माफिया समेतको मिलेमतोमा फर्जी जग्गाधनी पूर्जा बनाई बेचबिखन गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला सर्लाही, बलवा सोकनाहा गा.वि.स., वडा नं. २ख, कित्ता नं. ६२ को क्षे.फ. ०-११-२ को जग्गा दर्ता गर्ने प्रयोजनका लागि हुँदै नभएको तथ्य खडा गरी रामदेव बैठा र राजदेव बैठाको हकभोगमा रहेको जग्गालाई कुनै पनि समयमा हकभोग नभएका किशोरी धामी थारू र भोला धामी थारूको नाममा हकभोगमा रहेको भनी कार्यालयमा भए रहेको विवरण सच्याई एउटा व्यक्तिको नाममा हक भोग रहेको जग्गा अर्कै व्यक्तिको नाममा कायम गरी स्रेस्ता पूर्जा तयार गर्ने कार्यमा संलग्न भूमिसुधार तथा मालपोत कार्यालय, सर्लाहीका तत्कालीन कार्यालय प्रमुख पनिलाल यादवसमेतका प्रतिवादीहरूको एक आपसको मिलेमतोमा आफूसमेतलाई गैरकानुनी लाभ र जग्गाधनीलाई प्रत्यक्ष हानिनोक्सानी पुऱ्याउने बदनियतले भएका तथ्यहरू लुकाई छिपाइ हुँदै नभएको जग्गाधनी खडा गरी किशोरी धामी थारूको नाममा दाखिल खारेज गरी गलत व्यक्तिको नाममा दर्ता गरी गलत लिखत तयार गरी सरकारी निकायको कागजात अनाधिकृत हेरफेर थपघट गरे गराएको देखिँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरूउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहायः

क्र.सं.	नामथर, पद र कार्यालय	कसुर तथा सजायको मागदाबी
१.	भूमिसुधार तथा मालपोत कार्यालय, सर्लाहीका तत्कालीन कार्यालय प्रमुख **पनिलाल यादव**, तत्कालीन नायब सुब्बा **टुकराम कोईराला** र तत्कालीन खरिदार **राजेश कुमार झा**	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ।
२.	जिल्ला सर्लाही, ईश्वरपुर नगरपालिका, वडा नं. १५ का तत्कालीन वडा सचिव **राम गुलाम राय**	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ।
३.	जिल्ला सर्लाही, ईश्वरपुर नगरपालिका, वडा नं. १५ का तत्कालीन वडा अध्यक्ष **कपिलदेव चौधरी**	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ।
४.	जग्गा प्राप्त गर्ने **किशोरी धामी थारू**	मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को

		दफा ९, दफा ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ९, दफा ११ र दफा १९ को उपदफा (२) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ।
५.	जग्गा प्राप्त गर्न सिफारिस तथा निवेदन दिने **भोला धामी थारू**	मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ९, दफा ११ र दफा १९ को उपदफा (२) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ।

सहायक प्रवक्ता
पर्वत गिरी